विजयी हुँदैछौं," उहाँको दाबीको छ।

र तेस्रोमा केन्द्रीय सत्ताको नेतृत्व एमालेले गर्छ।"

आरोप छ।

# जेठ मसान्तसम्म दोस्रो किस्ता

* राष्ट्रिय समाचार समिति

काठमाडौं, वैशाख २८ गते। राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले पुस मसान्तसम्म निजी आवास पुनःनिर्माणका लागि पहिलो किस्ता लिएका भूकम्पपीडितलाई जेठ मसान्तसम्म दोस्रो किस्ता लिने प्रक्रिया सुरु गर्न अनुरोध गरेको छ।

निजी आवास निर्माणका लागि आवश्यक रकम जिल्लामा पठाइसकिएकाले लाभग्राहीलाई जतिसक्दो छिटो दोस्रो किस्ता भुक्तानीका लागि आवेदन दिन प्राधिकरणले आग्रह गरेको हो। पहिलो किस्ता बुझेर पनि दोस्रो किस्ता लिन आवेदन दिने लाभग्राहीको सङ्ख्या अपेक्षाकृत रूपमा बढ्न नसकेपछि प्राधिकरण कार्यकारी समितिको बिहीबारको बैठकले समय तोकेर दोस्रो किस्ता लिने प्रक्रिया सुरु गर्न आग्रह गरेको प्रवक्ता यमलाल भुसालले जानकारी दिनुभयो।

"दोस्रो किस्ताको अनुदान वितरण गर्न रु. १५ अर्ब विभिन्न जिल्लामा पठाइएको छ, भूकम्प अति प्रभावित १४ जिल्लाका चार लाख ५२ हजार ४९० घरधुरीले पुसमै पहिलो किस्ताको अनुदान लिइसकेका थिए, पहिलो किस्ता लिएको अनुपातमा लाभग्राहीले घर पुनःनिर्माण सुरु गरी दोस्रो किस्ता लिन पहल गरेका छैनन्," उहाँले भन्नुभयो।

प्राधिकरणले पहिलो किस्ता लिएका घरपरिवारलाई मापदण्डानुसार जग राखी यथाशीघ्र दोस्रो किस्ता लिन यसअघि नै अनुरोध गरेको थियो। मापदण्ड र प्रक्रिया पूरा गरी घर पुनःनिर्माण गर्ने लाभग्राहीलाई एकमुष्ट अनुदान दिने निर्णय पनि भइसकेको छ।

# आचारसंहिता पालना गरौं : *प्रेस काउन्सिल*

* राष्ट्रिय समाचार समिति

काठमाडौं, वैशाख २८ गते। प्रेस काउन्सिल नेपालले कुनै दल वा उम्मेदवारलाई होच्याएर वा गुणगान गाएर सामाजिक सञ्जालमार्फत आफ्ना निजी विचार सम्प्रेषण नगर्न/नगराउन सम्पूर्ण पत्रकारलाई आग्रह गरेको छ।

"पत्रकार र निर्वाचन आचारसंहिताको ख्याल गर्दै आआफ्नो मिडियाबाट स्वतन्त्र भूमिका निर्वाह गर्न र कुनै दल वा उम्मेदवारलाई होच्याएर वा गुणगान गाएर सामाजिक सञ्जालमार्फत आफ्ना निजी विचार सम्प्रेषण नगर्न/नगराउनहुन हामी सम्पूर्ण पत्रकार मित्रमा विनम्र अनुरोध गर्दछौं," काउन्सिलका सहप्रशासकीय अधिकृत तथा सूचना अधिकृत दीपक खनालद्वारा बिहीबार जारी विज्ञप्तिमा भनिएको छ।

# 'अब आर्थिक समृद्धितर्फ लाग्नुपर्छ'

* राष्ट्रिय समाचार समिति

काठमाडौं, वैशाख २८ गते। नेपाली

काँग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्ने उहाँले भन्नुभयो।

सांसद अम्बिका बस्नेतले


नेपाल सरकार

उद्योग मन्त्रालय

**विशेष आर्थिक क्षेत्र विकास समिति**

बबरमहल, काठमाण्डौ

**Contract ID No:- MoI/SEZDC/WORKS/42-073/74 को सम्बन्धमा थप स्पष्ट पारिएको बारे।**

यस समितिद्वारा मिति २०७४।०१।०७ गते "गोरखापत्र" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको बोलपत्र "Contract ID No:- MoI/SEZDC/WORKS/42-073/74, Construction of Administrative Building and other Buildings inside Garment Processing Zone of Simara SEZ, Simara, District Bara" को मिति २०७४।०१।२४ गते भएको Pre-bid meeting वाट केही विषयहरुमा स्पष्ट परिएको हुँदा सो सम्बन्धि थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहुन वा website: www.bolpatra.gov.np/egp अथवा www.seznepal.gov.np मा हेर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०७४/१/२९)**

The Rising Nepal मा मिति २०७३.१०.१२ गते प्रकाशित Supply and Delivery of TWO SETS of Two 4-HI Web Offset Book Printing Machine With Two Reel Stand Each को सूचना नं. JEPMT–15/073/074 को बोलपत्र आह्वानको सूचनाअनुसार म्यादभित्र रीतपूर्वक पेस भएका बोलपत्रहरूमध्ये तपसिलबमोजिमको न्युनतम् मुल्यांकित सारभुतरूपमा प्रभावग्राही बोलपत्र मिति २०७४/१/२८ गतेको निर्णयानुसार स्वीकृतका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिमको प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता तथा सम्वद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र सूचना नं. | सामानको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | मु.अ.कर. बाहेक रकम |
|---|---|---|---|
| JEPMT-15/073/074 | Supply, Delivery, Installation, Testing & Commissioning of TWO SETS of Two 4-HI Web Offset Book Printing Machine With Two Reel Stand Each. | श्री एलिमेक इन्टरनेशनल प्रा.लि., नया बानेश्वर, काठमाडौं, नेपाल। | रू.५,४३,६४,३६६।– |

**जनक शिक्षा सामग्री केन्द्र लि.**

सानोठिमी, भक्तपुर

फोन नं. ६६३०७८७, ६६३०७९६

**नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान**

जावलाखेल, ललितपुर, ५५२२१६०, ५५२२००२

**बस भाडामा लिने सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

(सूचना प्रकाशित मिति २०७४/०१/२१)